# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, साउन ६ गते २०५४ साल (संख्या १५

## भाग ३

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले औषधि ऐन, २०३५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी बच्चाहरूको लागि प्रयोग गर्न तयार गरिएको Sodium Bicarbonate समावेश गरिएको मिश्रीत झोल बनावटको औषधिको पैठारीमा तुरुन्त उत्पादनको हकमा तीन महिना र परिवहन, बिक्री-वितरण तथा संचयको हकमा छ महिनापछि लागू हुने गरी मनाही गरेको छ ।

#### सूचना २

श्री ५ को सरकारले औषधि ऐन, २०३५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी एनाल्जिन (मेटामिजोल) र यसका संमिश्रणका उत्पादनहरू (Analgin (Metamizole) and its combination Products) को पैठारीमा तुरुन्त उत्पादनको हकमा तीन महिना र परिवहन, बिक्री–वितरण तथा संचयको हकमा छ महिनापछि लागू हुने गरी मनाही गरेको छ ।

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

925